केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०४/०६८/६९ मितिः २०६८/०५/०५

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
*(वित्तीय मध्यस्थता सम्बन्धी कारोबार गर्ने इजाजतपत्रप्राप्त गैर सरकारी संस्थाहरु समेत)*

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार गर्ने इजाजतपत्रप्राप्त गैर सरकारी संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. २ को बुँदा नं ९ को उपबुँदा (२)(ख) पछि देहायको उपबुँदा थप गरिएको छ :-

*"बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाहरुको ब्याजमा वृद्धि, अन्य लागतमा वृद्धि वा उत्पादन क्षमतामा वृद्धि भई शुरुमा तोकिएको कर्जा भुक्तान गर्ने अवधि (Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीहरुमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार वा यस्तै अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका दुवै अवस्था पूरा गरेको अवस्थामा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सक्ने गरी पुनरतालिकीकरण/पुनर्संरचना गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनर्संरचना गरिएका कर्जाहरुलाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।*

*(क) ब्याज रकम भुक्तान गरेको, र*

*(ख) परियोजना निष्कृय नभई नियमित नगद प्रवाह गरिरहेको वा परियोजना सन्तोषजनक रहेको ।"*

२. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. १३ को बुँदा (क) को खण्ड (१)(३) को उपखण्ड (ग) पछि देहाय बमोजिमको व्यहोरा थप गरिएको छ :-

*"तर, यस बैंकबाट तरलता व्यवस्थापनको लागि पुनरकर्जा वा अन्तिम ऋणदाता सुविधा प्रयोग गरेका यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको हकमा त्यस्तो सुविधा प्रयोग गर्दाको हप्तासम्म अनिवार्य मौज्दात नपुग भएको अवस्थामा बैंक दरको दोब्बरसम्म मात्र जरिवाना लगाइने छ ।"*

३. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं १६ को बुँदा नं ७ मा बैंकहरुले एक अर्कामा निक्षेप खाता खोल्ने सम्बन्धी व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ :-

*"७. इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले एक अर्कामा निक्षेप खाता खोल्ने सम्बन्धमा*

*(क) इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोवार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।*

*(ख) तर, यो व्यवस्थाले देहाय बमोजिमका रकमहरु ब्याज आर्जन हुने गरी राख्न रोक लगाएको मानिने छैन ।*

- *कर्मचारी अवकाश कोष वापतको रकम,*
- *शुरु सार्वजनिक निष्कासन, पुनः सार्वजनिक निष्कासन र हकप्रद शेयर निष्कासनबाट संकलन भएको रकम जम्मा गरी ब्याज आर्जन हुने अस्थायी प्रकृतिका निक्षेप खाता,*
- *विदेशी मुद्राको खाता,*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(ग) उपर्युक्त बुँदा नं. (ख) बाहेकका ब्याज आर्जन हुने गरी यस पूर्व खोलिएका खाताको हकमा देहाय बमोजिम गर्नु पर्नेछः-*

- *मुद्दती निक्षेप खाताहरु सो को भुक्तानी अवधि (Maturity Period) समाप्त भए पश्चात नवीकरण नगर्ने ।*
- *ब्याज आर्जन हुने अन्य प्रकृतिका खाताहरु २०६८ पौष मसान्तभित्र बन्द गर्ने ।"*

४. वित्तीय मध्यस्थताको कारोवार गर्ने इजाजतपत्र प्राप्त गैर सरकारी संस्थाहरुले २०६८ श्रावणदेखि लागू हुने गरी संलग्न अनुसूची १ बमोजिमको मासिक प्रगति विवरण समेत बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा महिना समाप्त भएको मितिले १५ दिनभित्र आइपुग्ने गरी पठाउनु पर्नेछ ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१३. श्री माइक्रो फाइनान्स एसोसिएसन अफ नेपाल, काठमाडौं ।